# कैलाश गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

कालिकाटार,मकवानपुर

३ नं.प्रदेश,नेपाल

मिति-२०७५/ ०७/२८

## कार्यक्रम प्रस्ताव पेश गर्ने बारे सूचना

(सूचना प्रकाशित मितिः२०७५।०७।२८)

कैलाश गाँउपालिकाको मिति २०७५।०६।१२ को निर्णय अनुसार यस गाँउपालिकाको आ.व.२०७५/०७६ मा बिनियोजित तपशिल बमोजिमको कार्यक्रम तथा बिस्तृत योजनाहरुको अध्ययन अनुसन्धान (DPR) ,बाताबरणीय प्रभाव परिक्षण तथा मुल्यांकन (EIA) कार्य गर्न ईच्छुक,फर्म,संस्था,समिति तथा समुहहरुले निवेदन,प्रस्तावाना,लागत,अनुमान तथा अन्य आबश्यक कागजातहरु यस गाँउ कार्यपालिकाको कार्यालयमा सुचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र पेस गर्नु हुन यो सूचना प्रकासित गरिएको छ ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सन्चालन हुने स्थान र कार्यक्रम संख्या | बिनियोजन बजेट रकम |
|---|---|---|---|
| १ | लागु औषध न्युनिकरण तथा बैकल्पिक कार्यक्रम सर्बजनिकरण २ दिने कार्यक्रम | दशै वडामा (१० स्थानमा ) टोल बिकास समितिहरुलाई दिने । | १४,००,०००।-(चौध लाख) |
| २ | कर्मचारी तथा पदाधिकारीहरुलाई कम्प्युटर तालिम | आबश्यक्ता बमोजिम । | ५,००,०००।-(पाँच लाख) |
| ३ | युवा उधमशिलता तालिम | आबश्यक्ता बमोजिम । | ५,००,०००।-(पाँच लाख) |
| ४ | पत्रकारिता तथा उदघोषण तालिम | | ५,००,०००।-(पाँच लाख) |
| ५ | बाताबरणीय प्रभाव परिक्षण तथा मुल्यांकन (कालीखोला पुल र नदिजन्य पदार्थ उत्खनन् सम्बन्धी) | कालीखोला,मनहरिखोला,राउतेखोला,गोराङ्गदी खोलाको बगर तथा खहरे क्षेत्रको तोकिएको स्थानबाट ढुङ्गा,गिट्टी,बालुवा उत्खनन तथा संकलनका कार्यका लागी । | १२,००,०००।(बाह्र लाख मात्र) |
| ६ | ग्रमिण बिधुतिकरण सम्भाब्यता अध्ययन | गा.पा.क्षेत्र भित्र | ८,२०,०००।(आठ लाख बिस हजार) |

१) निबेदन स्वीकृत तथा अस्वीकृत गर्ने सम्पुर्ण अधिकार गाँउ कार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

२) स्वीकृत निवेदकले तोकिएको समय भित्र सम्झौता अनुसारको कार्य सम्पन्न गरी प्रतिवेदन पेस गर्नु पर्नेछ ।

३) निबेदकले लागत अनुमानको साथै कार्य सम्पन्न गर्ने अन्तिम समय सिमा समेत पेश गरि निवेदन पेश गर्नु पर्नेछ ।

४) कार्यक्रम सन्चालकले काम सम्पन्न भएपछि कार्यालयले नियामानुसार अनुगमन गर्नेछ ।

५) कार्यक्रम सन्चालकले नेपाल सरकारबाट लागु गरिएका आर्थिक लगायत अन्य कानुनको पुर्णरुपमा पालना गर्नु पर्नेछ।

६) कार्यक्रम सन्चालन गर्दा गाँउपालिकाको कार्यालय तथा सम्बन्धित वडा कार्यलयहरुलाई जानकारी गरी आबश्यक समन्वयमा गर्नु पर्नेछ ।

७) कार्यक्रम सन्चालनको क्रममा कुनै धर्म,जात,लिङ्ग,सम्प्रदायको प्रतिकुल असर गर्ने गरी गर्न पाईने छैन।

८) अन्य कुनै जानकारी लिनु परेमा गाँउपालिकामा सम्पर्क गर्न सक्नु हुनेछ ।


प्रमुख प्रशासकिय अधिकृत

स.मो.नं.:-९८५५०८८२६६

स.मो.नं.:-९८५५०३१२७७

स.मो.नं.:-९८५५०७०४८३